लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
☎ ०८६-४६०१४३
sddopyuthan@gmail.com
www.sddopyuthan.lumbini.gov.np

# सामाजिक विकास डिभिजन कार्यालय

पत्र संख्याः- २०८२/०८३
चलानी नम्बरः-

विजुवार, प्युठान

लुम्बिनी प्रदेश सरकार शिक्षा तथा सामाजिक विकास निर्देशनालय सामाजिक विकास डिभिजन कार्यालय विजुवार, प्युठान

## विद्यालय स्वास्थ्यकर्मी कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०९/३० गते)

प्रस्तुत विषयमा शिक्षा तथा सामाजिक विकास निर्देशनालय राप्ती उपत्यका (देउखुरी) दाङको च.न. २५०, मिति २०८२/०९/३० गतेको प्राप्त पत्रानुसार **विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम** अन्तर्गत प्यूठान जिल्लामा ४ वटा सामुदायिक माध्यमिक विद्यालयहरुमा स्वास्थ्यकर्मी छनोट गरी पठाउनु पर्ने भएकोले तपसिलका कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

संलग्न गर्नुपर्ने कागजातहरु:

- प्रस्ताव माग गरिएको सम्बन्धमा विद्यालयको कभरिङ लेटर ।
- सम्बन्धित स्थानीय तहबाट प्रमाणित गरिएको छात्रा र छात्रको संख्या खुल्ने गरी जम्मा विद्यार्थी संख्याको विवरण)।
- संघ तथा स्थानिय तहबाट विद्यालय नर्स नियुक्ति नभएको र कुनै पनि निकाय वा संस्थाबाट विद्यालय स्वास्थ्य तथा विद्यालय नर्स सम्बन्धी कार्यक्रम सञ्चालन नभएको व्यहोरा सम्बन्धित स्थानीय तहबाट प्रमाणित पत्र ।
- **विद्यालय स्वास्थ्यकर्मी कार्यक्रममा विद्यालय छनोट सम्बन्धी थप मापदण्ड**

| क्र. सं. | विद्यालय छनोटका आधार | सुचक पहाडमा | तराईमा | अंकको वर्गिकरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | विद्यार्थी संख्या | ५०० भन्दा कम | ७०० भन्दा कम | १५ अंक | |
| | | ५००-७०० | ७००-१००० | २० अंक | |
| | | ७००-१००० वा सो भन्दा माथी | १०००-१२०० वा सो भन्दा माथि | २५ अंक | |
| २ | किशोरी संख्या प्रतिशत | ४० प्रतिशत वा सो भन्दा कम | | १५ अंक | |
| | | ४० प्रतिशत भन्दा माथी | | २५ अंक | |
| | | | | | |

- संघ तथा स्थानीय तहबाट विद्यालय नर्स नियुक्ति नभएका र कार्यक्रम सञ्चालन नभएका विद्यालय ।
- कुनै पनि निकाय तथा गैर सरकारी संस्थाबाट विद्यालय स्वास्थ्य तथा विद्यालय नर्स सम्बन्धी कार्यक्रम सञ्चालन नभएका विद्यालय ।

राम करन पाल
नि. कार्यालय प्रमुख